




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क २०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन २२ गते शुक्रबार ❑ 6 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## अर्थमन्त्री बराललाई विद्यालय र वडाद्धारा बधाई ज्ञापन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ साउन**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल (जीवन) लाई उनले अध्ययन गरेको विद्यालय शुक्रराज मावि तथा जन्मेको वडा पोखरा २२ वडा कार्यालयले बधाई ज्ञापन गरेको छ।



पोखरा २२ को पुम्दी भुम्दीले धेरै वर्षको अन्तरालमा बराललाई मन्त्रीको रुपमा पाएसंगै आफुहरु हर्सित भई उहाँको कार्यकालको सफलताको कामना सहित बधाई ज्ञापन गरिएको पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बरालले जनाए। पोखरा २२ का वडा अध्यक्ष बराल, विभिन्न पार्टीका नेता तथा कार्यकर्ता लगायतका विभिन्न संघ संस्थाका पदाधिकारीहरुले मन्त्री बराललाई खादा तथा माला लगाउर्दै गाउँको सडक निर्माण सहितको पर्यटन प्रबर्द्धन हुने गरी विकास गर्न माग गरेका छन्। त्यसै गरी शुक्रराज माविका अध्यक्ष एवं पूर्व प्रमुख जिल्ला अधिकारी नरहरी बराल, प्रध्यानाध्यापक नरनाथ बराल, पूर्व अध्यक्ष, शिक्षक तथा विद्यार्थीहरुले मन्त्री बराललाई कार्यकालको सफलताको कामना सहित आफु अध्ययन गरेको विद्यालयको आधुनिक शिक्षाको विकास गर्न माग गरेका छन्। अर्थमन्त्री बरालले आफु जन्मेको र हुर्कीएको ठाँउमा गरिएको सम्मानले आफुलाई थप जिम्मेवार बनाएको बताए। पुम्दी भुम्दीको उन्नती प्रगति र गर्नै पर्ने योजनाहरुलाई आवश्यकताको आधारमा केही न केही गर्ने मन्त्री बरालले जनाए। आफु जन्मेको ठाँउमा बधाई ग्रहण गर्दै मन्त्री बरालले आफुलाई निर्वाचनमा विजयी गराउन सहयोग गर्ने कास्की निर्वाचन क्षेत्र नम्बर ३ (१) का स्थानियलाई समेत स्मरण गरेका थिए। पुम्दी भुम्दीको बृहत विकास गर्न एकिकृत भई सवै एक भयर लाग्नुपर्ने मन्त्री बरालको भनाई छ। पुम्दी भुम्दीका विभिन्न व्यक्तिहरु उच्च पदमा पुगे पनि अझै सोचे जति पोखरा २२ को विकास हुन नसेको स्थानियले गरेको गुनासोमा आफ्नो क्षेत्रबाट सकेको विकास गर्न प्रयास गर्ने मन्त्री बरालले बताए। मन्त्री बरालले भने "यस क्षेत्रका खुबी, क्षमता, दक्षता र प्रतिभाको पहिचान गरी जिम्मेवारीमा रहेकाहरुलाई केन्द्रित गरेर पुम्दी भुम्दीको एकिकृत विकास गर्न अब ढिला गर्न हुन्न।" यस क्षेत्रको मौलिक बस्तुहरुको संरक्षण सहितको सौन्दर्यकरणको लागि समेत काम गर्नुपर्ने मन्त्री बरालले बताए।

एमालेका प्रतिनिधि तथा पर्यटन व्यवसायी प्रकाश गुरुङले प्रदेश सरकारबाट हाल विनियोजन भएको बजेटमा कालाभाङ घडेरी तर्फको क्षेत्र उपेक्षित भएको गुनासो गरे। नेपाली कांग्रेस पोखरा २२ का वडा कमिटि सचिव होमप्रसाद बरालले पुम्दी भुम्दीका शाखा बाटोहरुको समेत स्तरोन्नतीमा ध्यान दिन मन्त्री समक्ष आग्रह गरे। माओबादी केन्द्र पोखरा २२ का वडा कमिटिका अध्यक्ष चण्डीका प्रसाद बरालले छोरेपाटन देखि शान्ति स्तुपा, लुकुन्स्वारा, कालाभाङ, काभ्रे, उल्लेरी ढाँवा हुदै कुभिण्डेसम्मको सडक तथा छोरेपाटनदेखि फुर्सेखोला हुदै कुभिण्डेसम्मको बाटो निर्माणमा ध्यान दिन मन्त्री समक्ष आग्रह गरे। वडा अध्यक्ष मित्रलाल बरालको अध्यक्षतामा भएको कार्यक्रममा वडा सचिव मोतीराज पोखरेल, वडा सदस्य मात्रिका प्रसाद बराल लगायतले बोलेका थिए।

यसैबिच, मन्त्री बरालले सुक्रराज माविको समेत बिहीबार नै बधाई ग्रहण गर्दै पुम्दी भुम्दीको माउ विद्यालयको रुपमा रहेको शुक्रराजमा आधुनिक र प्रविधिक शिक्षालाई प्रबर्द्धन गर्न आवश्यक सहयोग गर्ने जनाए। उक्त विद्यालका निवर्तमान बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष समेत रहेका मन्त्री बरालले विद्यालयमा विद्यार्थीहरुको सङ्ख्या बढ्न नदिने गरी गुणस्तरिय शिक्षामा जोड दिन विद्यालय प्रशासनलाई आग्रह गरे।

पूर्व अध्यक्ष राजबहादुर गुरुङले बिद्यालयको दिगो विकासको लागि मन्त्री सहित सवैको ध्यान केन्द्रित हुनु पर्नेमा जोड दिए। बिद्यालयका प्रध्यानाध्यापक नरनाथ बरालले बिद्यालयमा गुणस्तर र आधुनिक शिक्षा संचालन गर्न आर्थिक अभाव भएको गुनासो गरे। बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष नरहरी बरालको अध्यक्षतामा सम्पन्न भएको थियो। पुम्दी भुम्दी बासीको सवैलाई अनुकुल पर्ने शुक्रराज बिद्यालयको विकासको लागि सवैको चासो बिद्यालयमा हुनु पर्ने अध्यक्ष बरालले बताए।

## महामारीमा ज्येष्ठ नागरिको स्वास्थ्य सुरक्षा चासो

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ साउन**

कोरोना महामारीको प्रभाव समाजमा हरेक वर्ग र क्षेत्रमा त छँदै छ यसले विशेषतः ज्येष्ठ नागरिकलाई प्रत्यक्ष प्रभावित बनाएको छ।

महामारीका कारण झण्डै दुई वर्षयता ज्येष्ठ नागरिक जोखिमकै कारण घरबाहिर निस्कन सकेका छैनन्। घरबाहिर निस्कन चाहे पनि घरका अन्य सदस्यले उनीहरूलाई महामारीको खतराका कारण घरभित्रै बस्न बाध्य पारेका छन्। यसका कारण कतिपयका घरमा ज्येष्ठ नागरिक र घरका अन्य सदस्यबीच मनमुटावसमेत बढ्ने गरेको छ।

बुढ्यौलीको पट्यारलाग्दो समयमा टोल छिमेकमा घुम्न र आफ्ना पीडा व्यथा पोख्न चाहने ज्येष्ठ नागरिकलाई दुई वर्षयता देखिएको कोरोना महामारीले प्रत्यक्ष प्रभावित बनाएको अधिकांशको अनुभव छ। कोरोना सङ्क्रमण भइहालेका अवस्थामा अस्पतालमा समेत अक्सिजन तथा शय्याको अभाव हुने गरेका कारण पनि ज्येष्ठ नागरिक घरघरमा थुनिएर बस्न बाध्य बन्नुपरेको छ। कोरोना महामारी शुरु भएयता ज्येष्ठ नागरिकलाई आश्रय दिँदै आएका वृद्धाश्रममा पनि उनीहरूको स्वास्थ्य सुरक्षालाई प्राथमकितामा राखिएको पोखरा महानगरपालिका-१७ स्थित पोखरा वृद्धाश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीले बताउनुभयो। महामारी शुरु भएयता वृद्धाश्रममा बस्दै आउनुभएका ज्येष्ठ नागरिकलाई सङ्क्रमणको जोखिम नहोस् भनेर आफूहरूले अनावश्यकरूपमा भित्र बाहिर गर्न नदिएको उहाँले बताउनुभयो। "पोखरा वृद्धाश्रमममा हालसम्म ज्येष्ठ नागरिकलाई कोरोना सङ्क्रमण भने भएको छैन", उहाँले भन्नुभयो, "हामी जोखिम नभित्रियोस् भनेर अत्यन्त सचेत बनेका छौँ, सम्भाव्य जोखिमलाई दृष्टिगत गरी वृद्धाश्रमभित्रै आइसोलेसनको व्यवस्थासमेत गरिएको छ।" पोखरा वृद्धाश्रमले ज्येष्ठ नागरिकको नियमित स्वास्थ्य अवस्था जाँचका लागि एक जना स्वास्थ्यकर्मीको व्यवस्था गरेको छ। ज्येष्ठ नागरिक बिरामी भइहालेका अवस्थामा अस्पताल लैजानका लागि सिद्धार्थ क्लबसँग सम्झौता गरी एम्बुलेन्सको व्यवस्था गरिएको अध्यक्ष पराजुलीले बताउनुभयो।

पोखरा-३२ स्थित राधाकृष्ण वृद्धाश्रम तथा शान्ति आश्रममा पनि कोरोना महामारीलाई दृष्टिगत गर्दै सावधानी अपनाइएको छ। कोरोना महामारी शुरु भएयता आश्रममा बस्ने ज्येष्ठ नागरिकलाई सङ्क्रमण नहोस् भन्ने हेतुले सजगता अपनाइएको राधाकृष्ण मन्दिर व्यवस्थापन समितिका सचिव घनश्याम खनालले जानकारी दिनुभयो।

सो वृद्धाश्रममा बस्ने ज्येष्ठ नागरिकलाई स्वास्थ्य समस्या भएमा स्थानीय स्वास्थ्यचौकीबाट स्वास्थ्यकर्मी बोलाएर स्वास्थ्य परीक्षण गर्ने गरिएको उहाँले बताउनुभयो। स्वास्थ्यमा ठूलै समस्या आएमा अस्पताल लैजाने गरिएको जानकारी दिँदै खनालले कोरोना सङ्क्रमण भएयता यहाँ बस्ने कुनै पनि ज्येष्ठ नागरिकमा कोरोना सङ्क्रमण भने नदेखिएको बताउनुभयो।

ज्येष्ठ नागरिकलाई लक्षित गरी विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले सञ्चालन गर्दै आएको ज्येष्ठ नागरिक मिलन केन्द्र गत वर्ष कोरोना महामारी शुरु भएयता सञ्चालनमा आउन सकेको छैन। सङ्क्रमणको जोखिमीलाई दृष्टिगत गरी गत वर्ष कोरोना महामारी शुरु भएपछि बन्द गरिएको केन्द्र हालसम्म पनि खुल्ने अवस्था नरहेको समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो।

"कोरोना सङ्क्रमणको उच्च जोखिमममा ज्येष्ठ नागरिक रहेका कारण केन्द्र सञ्चालनमा रोक लगाएका हौँ, सङ्क्रमण हटेपछि मात्रै केन्द्र सञ्चालनमा आउने छ", श्रेष्ठले भन्नुभयो।

कोरोना सङ्क्रमणले घरघरमा रहेका ज्येष्ठ नागरिकका साथै ज्येष्ठ नागरिक आश्रम, मिलन केन्द्र सबै स्थानमा ज्येष्ठ नागरिकको स्वास्थ्य सुरक्षा चासोको विषय बनेको सचिव श्रेष्ठले बताउनुभयो।

## खोप उपलब्ध गराउन प्रदेशबासी उद्योगी व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
**कास्की, २१ साउन**

गण्डकी प्रदेशका उद्योगी व्यवसायीहरुले एक पान नम्बर बराबर एउटा कोरोना बिरूदको खोप उपलब्ध गराउन माग गरेका छन्। नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशले बुधबार पोखरामा आयोजना गरेको गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल सहित मन्त्रीहरुलाई बधाई ज्ञापन कार्यक्रममा सहभागी प्रदेशका उद्योगी तथा व्यवसायीहरुले उक्त माग गरेका हुन्।

अग्रपंक्तिमा काम गर्नेहरु र सेवा अन्तर्गत विभिन्न क्षेत्रका व्यक्तिहरुले कोरोना बिरूद खोप लगाउदै आउने क्रममा निजी क्षेत्रले कोरोना विरुद्धको खोप नपाएकोमा गुनासो गदै पान नम्बर लिएकाहरुलाई कम्तीमा पनि एउटा खोप उपलब्ध गराउन व्यावसायीहरूले माग गरेका हुन्। व्यवसायीहरूले आवश्यक स्वास्थ्य मापदण्ड पालना गरी व्यवसाय सञ्चालन गर्न पाउनु पर्ने माग गरेका छन्। कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष दामु अधिकारीले निजी क्षेत्रलाई सरकारले खोप उपलब्ध गराउने बिषयमा उपेक्षा गरिएको गुनासो गरे। तनहुँ शुक्ला गण्डकी उघोग बाणिज्य संघका हरिकुमार श्रेष्ठले एक पान बराबर एक खोप उपलब्ध गराउन माग गरेका छन्। पोखरा उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष गोकर्ण कार्कीले निजीक्षेत्रलाई अब पनि खोप उपलब्ध नगरे आन्दोलन गर्ने चेतावनी दिएका छन्। कोरोनाले गर्दा लकडाउनमा ठप्प भएको सेवा मुलक व्यवसाय सहितका अन्य क्षेत्रमा कर मिनाह गर्नुपर्ने महासंघ गण्डकी प्रदेश अध्यक्ष संवीज बहादुर कोइरालाले बताए। खोप विना पोखराको पर्यटन व्यवसाय संचालन गर्न नसकिने भएको महासंघका सदस्य एवं पर्यटन व्यवसायी सुर्य बहादुर भुजेलले बताए। यसैबिच, गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले निजी क्षेत्रलाई आवश्यक खोप उपलब्ध गराउने बिषयमा आफुहरु गम्भिर भएको बताए। कोरोना बिरुद्धको खोप उपलब्ध गराउन संघिय सरकारसंग समन्वय गर्ने बताएका उनले निजी क्षेत्रलाई लगानी मैत्रि वातावरण सरकारले तयार पार्ने जनाए। कास्की र नवलपुरमा औधोगिक क्षेत्र स्थापना गर्न खोजे पनि जग्गाको कारणले गर्दा काम अघि बढ्न नसकेको मुख्यमन्त्री पोखरेलको भनाइ छ। वन मन्त्रालय देखि कानुनि जटिलताले गर्दा आफुहरुले छिटो छरितो ढंगले काम गर्न खोजे पनि समस्या आएको उनले जनाए। गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले लकडाउनको समयमा संचालन नभएका व्यवसाय देखि सेवा मुलक क्षेत्रको कर मिनाह गर्ने बिषयमा छलफल गरेर उचित निर्णय लिने जनाए। प्रदेशको पुंजिलाई उचित ढंगले प्रयोग गर्न सके र श्रोतको समेत पहिचान गर्नु पर्ने उनको भनाई थियो। योजानहरुको प्राथमिकिकरणसंगै प्रदेशमा लगानी सम्मेलन गर्न आवश्यक भएको मन्त्री बरालले जनाए।

प्रदेशका पर्यटन उद्योग बाणिज्य तथा आपुर्ति मन्त्री मणिभद्र शर्माले गण्डकी प्रदेशका पर्यटन सहित अन्य व्यवसयीलाई खोप उपलब्ध गराउने बताए। प्रदेशमा हाल उद्योग र उत्पादन तर्फ भन्दा पनि व्यापारमा नै केन्द्रित भएको मन्त्री शर्माको दाबी छ। प्रदेशका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले ठुला व्यपारीले कार्टेलीङ गर्दा साना व्यपारी मारमा परेको दावी गरे। साना व्यापारीको प्रबर्द्धन विना देशको विकास हुन नसक्ने उनको बुझाई थियो।

स्वास्थ्य तथा जनङख्या मन्त्री मधुमाया अधिकारी गुरुङले मनाङ र मुस्ताङमा प्रदेशकै पहिलो खोप पुर्ण जिल्लाको रुपमा घोषणा गरिएको बताइन्। कास्कीमा १८ बर्ष माथिका उमेर माथिका सवैलाई प्रथामिकताको आधारमा खोप उपलब्ध गराउने उनले जनाइन्।

भूमि व्यबस्था कृषि सहकारी तथा गरिवी निवारण मन्त्री चन्द्रबहादुर बुढाले गण्डकी प्रदेशमा अब कृषि पर्यटनको सम्भावनाको खोजी गर्नुपर्ने बताए। अनउत्पादन क्षेत्रमा पुजि लगानी भएको उनको भनाई थियो। कानुन संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले निजीसंग सहकार्य गरेर सरकार अघि बढ्नु पर्ने बताए।

## 'एमाले एकतातर्फ उन्मुख'

**रासस**
**काठमाडौं, २१ साउन**

नेकपा (एमाले) को वरिष्ठ नेता माधवकुमार नेपाल पक्षीय केन्द्रीय कमिटीका अधिकांश सदस्यले पार्टीको आन्तरिक समस्या समाधान कार्यदलले दिएको सुझाव र पहलबमोजिम एकताबद्ध पार्टी निर्माणको दिशामा अग्रसर हुनुपर्नेमा जोड दिएका छन्।

सो पक्षको आज शुरु भएको बैठकमा आफूहरू वर्तमान सरकारमा सहभागी हुने सम्भावना नभएको र प्रतिपक्षमा रहने भन्ने विषयमा दुईमत नभएको स्थायी कमिटीका सदस्य रघुजी पन्तले बताउनुभयो।

बैठकपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उहाँले अध्यक्ष केपी शर्मा ओली र नेता नेपाल पक्षका कार्यदलका नेताहरूले पहल जारी राखेकाले समझदारी हुने विश्वास व्यक्त गर्नुभयो। "हामी एकतातर्फ अघि बढिहरहेका छौँ। एकतातर्फ हाम्रा पाइला अगाडि बढेका छन्। वार्ता जारी छ। दुवैतर्फको वार्ता टोली वार्तामा छन्। वार्ता निरन्तर अगाडि जारी रहनेछ", नेता पन्तले भन्नुभयो, "हामी सरकारमा जाने कुनै सम्भावना छैन। हामी एउटै पार्टीमा छौँ। प्रतिपक्षमा छौँ।"

उहाँले सुकुम्बासी आयोगलाई सरकारले खारेज गरेका विषयमा चासो व्यक्त गर्दै सुकुम्बासी समस्या समाधान गर्ने गरी सरकारले त्यही आयोगलाई थपघट गरेर नियुक्ति दिन पनि सक्ने तथा यस्ता विषयमा राष्ट्रिय सहमतिमा साथ अघि बढ्न सरकारले पहल गर्नुपर्ने बताउनुभयो। काठमाडौँको बुद्धनगरमा ७० भन्दाबढी सदस्य सहभागी बैठकमा अहिले केन्द्रीय सदस्यले पार्टीमा देखिएको समस्या र पार्टी एकताका विषयमा धारणा राखिरहेका बैठकमा सहभागी नेता झपटबहादुर रावलले जानकारी दिनुभयो।

नेपाल समूहले पार्टीभित्रको एकता, अध्यक्ष ओलीले पछिल्लो समयमा गरेका निर्णय र सरकारमा सहभागिताका विषयमा छलफल गर्न बैठक बोलाएको जनाएको छ। उहाँका अनुसार बैठकको शुरुमा पार्टीका वरिष्ठ नेता नेपालले समसामयिक विषयमा भनाइ राख्नुभएको र त्यसपछि उपाध्यक्ष डा भीम रावलले पार्टी एकताका विषयमा आन्तरिक समस्या समाधानका लागि बनेको कार्यदलले गरेको सहमति र प्रयासबारे जानकारी गराउनुभएको थियो।




# सांसद पंगेनी स्मृति दिवसमा अक्षयकोष स्थापना

**श्रीकृष्ण सिग्देल**
**वालिङ, २१ साउन**

संबिधानसभा एवं स्याङ्जा कांग्रेस सभापति कमलप्रसाद पंगेनीको असामयिक निधनको तेस्रो बर्ष पुरा भएको छ।

पंगेनीको हृदयघातका कारण २०७५ साउन २० गते भीरकोटमै निधन भएको थियो। पंगेनीको तेस्रो स्मृति दिवस पारेर नेपाल बिद्यार्थी संघ स्याङ्जाले जय नेपाल छात्रबृत्ति नामक अक्षयकोष स्थापना गरेको छ। नेपाल विद्यार्थी संघ स्याङ्जाले १ सय जना काँग्रेसका योद्धाको नाममा जय नेपाल छात्राबृत्ति अक्षयकोष संचालन अभियान अन्तर्गत स्वर्गिय पंगेनीले अध्ययन रेको विद्यालयमा अक्षयकोष स्थापना गरेको हो।

साविकको खिलुङदेउराली हाल भीरकोट नगरपालिकामा जन्मीएका पंगेनीको माध्यमिक तहको पढाई पनि नगरपालिका २ स्थित दहथुम माध्यमिक बिद्यालयमै पुरा भएको थियो । त्यसपछि उनले उच्च शिक्षा अध्ययनका लागि जिल्ला बाहिर गएका थिए। पंगेनीले सोही बिद्यालयमा अध्ययन गर्ने क्रममा नेपाली कांग्रेसको नीति रुचाएपछि नेपाल बिद्यार्थी संघको सदस्य बनेर राजनीतिमा लागेका थिए । उनलाई अध्ययन गराउने पंगेनीका गुरु एवं पूर्व सांसद, कांग्रेसका




पूर्व जिल्ला सभापति खगेन्द्रराज रेग्मीबाट सदस्यता लिएर काँग्रेसमा प्रवेश गरेका थिए । निरन्तर नेपाल बिद्यार्थी सघका पक्षमा काम गर्दे संघको केन्द्रिय सदस्य समेत बनेका थिए। कुशल संगठक, नम्र र असाधारण ब्यक्तित्वका धनी पंगेनीले राजनीतिमा आफनो प्रभाव पार्न सफल भए । सबैसंगै नम्र ब्यवहार गर्ने, समस्यामा सहयोग गर्ने र सबैसंग समान ब्यवहार गर्ने उनी सबैका प्रिय नेताका रुपमा परिचित बने । जिल्लादेखि केन्द्रसम्मको पहुँच बनाउन पंगेनी राजनीतिक जिवनमा सफल भए।

नेपाली काग्रेसको जिल्ला सभापति हुदै २०७० सालमा संविधानसभाको सदस्यमा निर्वाचित भएका थिए। जिल्लामा बिकासका गति बढेका थिए । कांग्रेसको संगठन पनि बलियो थियो । तर, उनको अकल्पनीय निधनले सिंगो कांग्रेस परिवारलाई अपुरणीय क्षति पुऱ्याएर गयो । जुन बिद्यालयबाट उनले राजनीतिक आयाम सुरु गरे सोही बिद्यालयलाई नेपाल बिद्यार्थी संघ स्याङजाले स्मरण गर्दे अक्षय कोषको स्थापनाको सुरुवात गरेको छ। बिद्यार्थीको अभियानलाई संविधानसभा सदस्य राजु थापाले ५ हजार, भीरकोट नगर सभापति तोयानाथ अर्यालले ५ हजार, कांग्रेस महाधिवेशन प्रतिनिधी गोविन्दकुमार कर्माचार्यबाट ५ हजार ५ सय र नेपाल बिद्यार्थी संघले ५ हजारगरी २० हजार ५ सय रुपैयाकोको जय नेपाल अक्षयकोषको स्थापना गरिएको नेविसंघका जिल्ला सभापति अजित क्षत्रीले जानकारी दिए । स्वर्गिय पंगेनी जय नेपाल छात्रवृत्ति अक्षयकोषको स्थापना गर्नेगरी बिद्यालयलाई रकम हस्तारन्तरण गरेको हौं सभापति क्षत्रीले भने, 'अक्षयकोषको मुलधनबाट आउने ब्याजबाट गरिब तथा जेहेन्दार बिद्यार्थीलाई छात्रवृत्ति दिईनेछ ।' मुलुकको परिवर्तनमा ज्यान अर्पन गरेका योद्धालाई सधै सम्भना योग्य होस भनेर अभियान चालेको हो उनले भने । स्मृतीसभा एवं अक्षयकोष हस्तान्तरण कार्यक्रममा नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधी गोविन्दकुमार कर्माचार्य, दहथुम माबिका प्रधानाध्यापक वेदप्रसाद अर्याल, नेपाल बिद्यार्थी संघ क्षत्रिय सभापति विश्वास लम्साल, पूर्व क्षत्रीय सचिव हिमप्रसाद गुरुङ, भीरकोटका सभापति लक्ष्मण अधिकारी, नेविसंघ सदस्य होमप्रकाश गुरुङ लगायतले स्वर्गिय पंगेनीले देखाउनु भएको राजनीति र बिकास निर्माणका मार्ग दर्शनलाई आत्मसात गर्दे अघि बढेमा नेपाली कांग्रेस सबैको लोकप्रिय बन्न सक्नेमा जोड दिए।

नेविसंघ जिल्ला सभापति अजित क्षत्रीको सभापतित्वमा सम्पन्न कार्यक्रमको संचालन क्षेत्रिय सचिव एसिव शरण महतले स्वागत जिल्ला कोषाध्यक्ष धुव्र पंगेनीले गरेका थिए।

# 'कार्यतालिका छोट्याएर भए पनि महाधिवेशन गर्नुपर्छ'

**रासस**
**काठमाडौं, २१ साउन**

नेपाली काँग्रेसका संस्थापन इतरका नेताहरूले कार्यतालिका छोट्याएर भए पनि निर्धारित मितिमा महाधिवेशन सम्पन्न गर्नुपर्ने बताएका छन्।

पार्टीका पूर्वमहामन्त्री प्रकाशमान सिंहको निजी निवास चाक्सिबारी ठमेलमा बिहीबार बसेको संस्थापन इतरको बैठकले आगामी भदौ २३ गतेपछि पार्टीको वैधानिकता समाप्त हुने भन्दै कार्यतालिका छोट्याएर भए पनि महाधिवेशन सम्पन्न गर्नुपर्ने बताएका हुन् । बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलले निर्वाचन समितिले प्रक्रिया छोट्याएर भए पनि समयमा नै महाधिवेशन सम्पन्न गर्नुपर्ने बताउनुभयो । "पार्टी महाधिवेशन नहुनुमा क्रियाशील सदस्यता विवाद हो, यसलाई चाँडो टुङ्ग्याउनतर्फ लाग्नुपर्छ", उहाँले भन्नुभयो। पार्टी सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएको र धेरै कार्यक्रममा जानुपर्ने भएका कारण पनि क्रियाशील सदस्यतालाई अन्तिम रुप दिन समस्या परेको उहाँको भनाइ थियो । बैठकमा महाधिवेशन कार्यतालिका छिटो सार्वजनिक गर्न नेतृत्वलाई दवाव दिनेबारेसमेत छलफल भएको छ।

नेतृत्वले निर्वाचन समितिलाई चाँडो निर्देशन दिएर महाधिवेशन सुनिश्चित गर्न लाग्नुपर्ने वरिष्ठ नेता पौडेलले बताउनुभयो। भेटमा वरिष्ठ नेता पौडेल, महामन्त्री डा शशाङ्क कोइराला, पूर्व महामन्त्री सिंह, नेता अर्जुननरसिंह केसी, बलबहादुर केसी, डा मिनेन्द्र रिजाललगायतको सहभागिता थियो।

# पोउवा संघका कार्यसमिति सदस्य बलरामको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ साउन**

पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य बलराम तिमिल्सिनाको निधन भएको छ। करिब १ महिनाअघि कोभिड-१९ को संक्रमण देखिएपश्चात उत्पन्न विसन्चोका बीच काडमाडौंमा उपचारत उनको बुधबार साँझ निधन भएको हो।

पोखरा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान विजुक्छेका अनुसार कोभिड नेगेटिभ आएपछि पनि उहाँको फोक्सोमा संक्रमण देखिएको थियो। काठमाडौंको ग्राण्डी अस्पतालमा फोक्सोको संक्रमणको उपचार गराउँदै गर्दा पुनः मृगौलामा समस्या देखियो। अन्ततः २०२३ साल साउन १३ गते पोखरा १० रामघाटमा जन्मेका तिमिल्सिनाको साउन २० गते निधन भयो । तिमिल्सिना पोखरा उद्योग वाणिज्य संघको कार्यसमिति सदस्यका साथै पोखरा भाँडा व्यवसायी समितिका पूर्वअध्यक्ष एवं अन्य विभिन्न सामाजिक संघ/संस्थामा क्रियाशिल थिए। पोखरा उद्योग उद्योग वाणिज्य संघले कार्यसमिति सदस्यको निधनमा गहिरो शोक व्यक्त गर्दै परिवारजनमा समवेदना व्यक्त गरेको छ। 'कार्यसमितिका जिम्मेवार सदस्यको रुपमा रहनुभएका तिमिल्सिनाको निधनबाट संघलाई अपूरणीय क्षति मात्र भएको छैन, एकपछि अर्को शोकले मर्माहत बनाएको छ', पोउवा संघका महासचिव विजुक्छेद्वारा जारी विज्ञप्तिमा भनिएको छ,' व्यवसायसँगै सामाजिक क्रियाकलाप एवं व्यावसायिक हित रक्षाको लागि क्रियाशिल उहाँको निधनबाट समाजले एक होनाहार व्यक्तित्व पनि गुमाएको छ।' तिमिल्सिनाको बिहीबार नै पोखराको रामघाटमा अत्येष्टि गरिएको छ।






# स्याङ्जामा भूकम्पपीडित लाभग्राही दश हजार बढी

**पोखरापत्र संवाददाता**
**वालिङ, २१ साउन**

गोरखा भुकम्पबाट क्षति भएका दश हजार बढी पीडितले लाभ लिएका छन् । क्षतिग्रस्त निजी आवास तथा भवनको पुनःनिर्माणका लागि हालसम्म जिल्लामा पुनःनिर्माण तथा प्रबलीकरण गरी कूल दश हजार १६२ घर निर्माण छन्।

पुनःनिर्माणतर्फ ९०८ र प्रबलीकरणतर्फ ७५४ लाभग्राहीका सूचीमा रहेको जिल्ला आयोजना कार्यान्वयन इकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार कार्यालयका प्रमुख प्रवीण ढकालले जानकारी दिनुभयो। पुनःनिर्माणतर्फका कूल ९ हजार ४०८ लाभग्राही रहेका थिए। "प्रथम किस्ता बुझेका छ हजार २०२ मध्ये गत असार मसान्तसम्ममा ६८.३५ प्रतिशतले घर निर्माण सम्पन्न गरेका छन्" उहाँले भन्नुभयो, "घर निर्माण सम्पन्न गरेका लाभग्राहीलाई तेस्रो किस्ताबापतको रकम प्रदान गरिसकेका छौं ।" प्रबलीकरणतर्फका कूल लाभग्राही ७५४ मध्ये ६०८ ले सम्झौता गरी प्रथम किस्ताबापतको रु ५० हजार बुझेका उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार तोकिए बमोजिमको प्रबलीकरण गरी ३२ लाई मात्र दोस्रो तथा अन्तिम किस्ताबापतको रु ५० हजार प्रदान गरिएको हो । लाभग्राही कायम भएकाको हकमा आगामी कात्तिक मसान्तसम्म आवास पुनःनिर्माणको अवधि कायम गरेको छ। "प्रबलीकरणमा कायम भएका लाभग्राहीले चाहेको खण्डमा पुनःनिर्माणको लाभग्राहीमासमेत परिवर्तन हुन पाउनेछन्" प्रमुख ढकालले भन्नुभयो, "यदि सामान्य मर्मत सम्भारमात्रै गर्न चाहेमा रु ५० हजार प्राप्त गर्न सक्नेछन्।"

पहिले सर्भे/रिसर्भे भएर पनि लाभग्राही कायम हुन नसकेका ७१७ गुनासोकर्ताको पुनरावेदन फाइल केन्द्रमा पठाइएको छ । जिल्लामा २१ लाभग्राहीले आफ्नो अन्यत्रसमेत बस्न योग्य घर रहेको जनाउँदै प्रथम किस्ताबापतको रु ५० हजारका दरले रु दश लाख ५० हजार फिर्ता गरेका प्रमुख ढकालले जानकारी दिनुभयो। पुनःनिर्माण लाभग्राहीले निजी आवास निर्माणका लागि तीन किस्तामा गरी तीन लाख र प्रबलीकरण लाभग्राहीले आंशिक क्षतिग्रस्त घर प्रबलीकरण गर्न दुई किस्तामा एक लाख रूपैयाँ पाउँछन्।

# वडा कार्यालयलाई कन्सन्टेटर मेसिन हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ साउन**

नेपाल कम्यूनिष्ट पार्टी माओबादी केन्द्र पोखरा २२ वडा कमिटिले पोखरा महानगरपालिका वडा नम्बर २२ कार्यालयलाई एक थान अक्सिजन कन्सन्टेटर मेसिन सहयोग गरेको छ।

बिहीबार एक समारोहका बिच गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवन, वडा कमिटिका अध्यक्ष चण्डीका प्रसाद बराल, वडा इन्चार्ज त्रिभुवन पौडेल लगायतले पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बराल, पोखरा २२ स्वास्थ्य चौकीका इन्चार्ज तुल्सी बराल लगायतलाई उक्त मेसिन सहयोग हस्तान्तरण गरेका हुन्।

कोरोनाको रोकथाम र नियन्त्रणमा थोरै भए पनि आफ्नो पार्टीबाट सानो सहयोग गरिएको वडा इन्चार्ज पौडेलले बताए । उनका अनुसार उक्त मेसिन ७ लिटर क्षमताको हो।

# मास्क अभियान यही साउन २३ गतेदेखि

**रासस**
**काठमाडौं, २१ साउन**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यही साउन २३ देखि २९ गतेसम्म देशभर मास्क अभियान सञ्चालन गर्ने भएको छ । 'महामारी नियन्त्रण र रोकथाममा मेरो प्रतिबद्धता मास्क लगाउनु नै आजको आवश्यकता' भन्ने मूलनाराका साथ मन्त्रालयले अभियान सञ्चालन गर्न थालेको हो । मन्त्रालयले मास्क लगाई मानिसको व्यवहारमा परिवर्तन गर्न अभियान सञ्चालन गर्न थालेको बताइएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोरोना भाइरसबाट बच्न मास्क अभियान सञ्चालन गर्न थालिएको बताउनुभयो। उहाँले जनस्वास्थ्यमा मापदण्ड उल्लघङ्न भएको र मास्क लगाउन पनि लापरवाही गरेकाले स्वास्थ्यको मापदण्ड तथा मास्कको महत्वबारे जानकारी गराउन अभियान शुरु गर्न लागिएको जानकारी दिनुभयो । "महामारी नियन्त्रणमा खोप जतिकै मास्क, सेनिटाइजरसँग जनस्वास्थ्यको भूमिका पनि महत्वपूर्ण रहेको छ", उहाँले भन्नुभयो, "सबै नेपालीलाई महामारी नियन्त्रणमा मास्कको भूमिकाबारे जनचेतना जगाउन आवश्यक छ ।" म पनि मास्क लगाउँछु र अरुलाई पनि मास्क लगाउन प्रेरित गर्छु भन्ने सन्देश दिई कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गरिएको हो। कोरोना भाइरसबाट बच्न बढी प्रभावकारी उपाय भनेको नै मास्क रहेकाले सबैले अनिवार्य मास्क लगाउनसमेत उहाँले आग्रह गर्नुभयो।


सङ्क्रमण दिनानुदिन बढे पनि मानिसले सही तरिकाले मास्क नलगाउने गरिएको पाइएको छ । स्वास्थ्य सेवा विभागको राष्ट्रिय स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रका निर्देशक डा राधिका थपलियाले मास्कबारे जनचेतना मात्र नभइ मास्कले मानिसको व्यवहारमा परिवर्तन गर्न अभियान शुरु गर्न थालिएको बताउनुभयो । उहाँले मास्कलाई सही तयारीले लगाउन सिकाउनका लागि अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# ओलीको रिस सुकुम्बासीमाथि

सर्वोच्च अदालतको परमादेशबाट बनेको शेर बहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले अघिल्लो सरकारका निर्णय र नियुक्तिहरू बदर गर्न थालेको छ। प्रतिनिधिसभामा विश्वासको मत पाएपछि पहिलो निशाना गण्डकी र लुम्बिनीका प्रदेश प्रमुख पदमुक्त भए। अन्य प्रदेशका प्रमुख कहिले हटाउने हो भनेर करेर बसेका छन। प्रदेश प्रमुख सबैभन्दा असुरक्षित र मर्यादाहिन बनाउने काम भएको छाकेपी शर्मा ओली नेतृत्वको सरकारले गरेका कामको राजनीतिक बिरोध नगरि त्यस सरकारले गरेका निर्णय खारेज गर्ने, नियुक्त पदाधिकारी हटाउने, सचिव सरुवा गर्ने देखि विवादास्पद ब्यक्तिलाई महत्त्वपूर्ण ठाउँमा नियुक्ति दिएको छाकेपी ओली सरकारको निर्णय बदर गर्ने निहुँमा भूमिसम्बन्धी समस्या समाधान गर्न गठन गरिएको आयोग नै खारेज गरेको छ। ०७६ चैतमा एमाले नेता देवी ज्ञवालीको अध्यक्षतामा बनेको केन्द्रीय आयोग र पछि जिल्लाहरूमा बनेका आयोगका पदाधिकारीलाई हटाउँदै सरकारले भूमि आयोग खारेज गरेको छ। यो निर्णयले भुमिहिन,दलित ,सुकुम्बासी र जग्गाधनी पुर्जा नपाएका जनतालाई निराश बनाएको छ। एमालेले यस निर्णयप्रति आपत्ति जनाएको छ। आयोग खारेजीको विरोधमा प्रदर्शन समेत भएको छ। सरकारले कुन वर्गको पक्षमा छ भन्ने बहसको विषय बनेको छ।

नेपालमा भूमिसम्बन्धी समस्या छ। राजनीतिक पार्टीले चुनावमा भुमि समस्यालाई जोडतोडका साथ उठाउने गरेका हुन। भूमिहीन किसान, गरिब किसान, सार्वजनिक पर्ती जमिनमा जोतभोग गरिरहेका तर त्यस्तो जमिन आफ्नो स्वामित्वमा नभएकाले व्यावहारिक समस्यामा परेका किसान भूमिसम्बन्धी समस्यामा परेका केही उदाहरण हुन्। अर्कातिर हजारौँ वर्षदेखि संरचनागत थिचोमिचोमा परेर भूमिहीन हुन पुगेका दलित छन्, जसलाई संविधानले नै एकपटक आवासका लागि जमिन उपलब्ध गराउने वाचा गरेको छ। यस्ता किसानमध्ये एकथरी आफ्नै थातथलोमा पुर्ख्यौली जमिन नभएर पनि किसानी गरिरहेकाहरू छन्। अर्काथरी विभिन्न समयमा जीविकाको खोजी गर्दै ऐलानी पर्ती जमिनमा सरेर जोतभोग गरी गुजारा चलाउनेहरू छन्। सरकारले नै बाढीपहिरोपीडितको पुनर्वासका लागि भनेर बस्ती बसाएको तर जमिनको लालपुर्जा नदिएकाले भूमिहीन देखिएका किसानका पनि आफ्नै पीडा छन्। भर्खरै सहरोन्मुख रहेको चुरे र तराई क्षेत्रका राजमार्ग छेउछाउका बस्तीमा पनि जमिनको स्वामित्व नभएका तर घरपसल या व्यवसाय गरेर सार्वजनिक जमिन उपभोग गरिआएकाहरूको लाखौँ परिवार छन्। पंचायत कालदेखि अहिलेसम्म चुनावी मुद्दा बनेको समस्या सबै मिलेर हल गर्नुपर्नेछ।

यस्ता सबै प्रकृतिका समस्याको खोजबिन गरी जोतभोग र स्वामित्वको वास्तविकता पत्ता लगाएर सबैखाले भूमि समस्या हल गर्न भन्दै ऐनसमेत ल्याएर अहिलेको भूमि आयोग बनाइएको थियो। यसले आफैँले भन्दा पनि स्थानीय तहका माध्यमबाट काम गर्ने नीति लिएको थियो। यस क्रममा १० लाखभन्दा बढी किसान र भूमिहीन या अव्यवस्थित बसोवासीको लगत संकलन र केही हदसम्म जग्गा नापजाँचको काम पनि सकिएको थियो। यही समयमा आयोग विघटन हुँदा यो समस्या थप लामो समय बल्झिने र चुनावी मुद्दा कायमै रहने देखिन्छ। तीन-चार पुस्तादेखि जमिनको उपभोग गरेका तर स्वामित्वको अभावमा व्यावहारिक समस्यामा परेका परिवार र सुकुम्वासी भूमिहीन परिवारलाई मात्र यसको मर्का थाहा हुन्छ। सबै सरकारले भुमि समस्या हल गर्ने र भोट तान्ने प्रयास नगरेका होइनन्। यसबीच एक दर्जनभन्दा बढी सुकुम्वासी आयोग बनेका छन्। दुई लाखजतिले पुर्जा पाएका छन्। तर, सुकुम्वासीको संख्या घट्नुको साटो बढिरहेको छ।

अर्कातिर राजनीतिक दलहरूले आफ्ना कार्यकर्तालाई जागिर खुवाउने, भूमि राजनीतिका माध्यमबाट भोटका क्लस्टरहरू बनाउने र निर्वाचनमा भूमि वितरणको नारा दिएर मत माग्ने रोगी चलन जारी छ। देउवाले ओलीले नियुक्ति गरेका र एमाले कार्यकर्ता आयोगमा रहेको नाममा देशको समस्यालाई पन्छाउनु गम्भीर भुल हो।ब्यक्ति फेरेर आयोगले थालेको कामले निरन्तरता पाउने गरी तत्काल आयोग पुनर्गठन गरी त्यसमा राजनीतिक लाभ बाँडफाँड हुने शैली अपनाएर तत्काल काम आरम्भ गर्न जरुरी छ।बिरालोको रिस खनियाँमाथि भने जस्तो ब्यबहर हटाउनुपर्छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सत्कार मिल्नेछ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : कार्यमा सफलता |
| कर्कट | : मन चञ्चल | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# वन्यजन्तु पीडितलाई राहत

पोखरापत्र संवाददाता
म्याग्दी, २१ साउन

वन्यजन्तुको आक्रमणबाट पशुधनको क्षति ब्यहोरेका यहाँका कृषकले रु पाँच लाखभन्दा बढी राहत पाएका छन्। डिभिजन वन कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा २५ कृषकलाई रु पाँच लाख चार हजार राहत वितरण गरेको हो। निमित्त डिभिजनल वन अधिकृत सन्तोष खनालले चितुवाको आक्रमणबाट मरेका ५३ पशुका धनीलाई सो राहत रकम उपलब्ध गराएको जानकारी दिनुभयो। "प्रदेश सरकारको कार्यविधिअनुसार ४२ बाख्रा, दुई भेडा, छ सुँगुर र तीन राँगाको क्षतिपूर्ति वितरण गरेका हौँ", उहाँले भन्नुभयो, "गत आवमा दुई चितुवा, एक सर्प, एक लाटोकोसेरो र एउटा स्यालको उद्धार भएको छ।" मृत भेटिएका दुई चितुवा, एक वनबिरालो र एक लाटोकोसेराको शव व्यवस्थापन र वन्यजन्तु नियन्त्रणमा लिने तीन खोर बनाइएको छ। वन्यजन्तु पीडित कृषकलाई राहतका अतिरिक्त मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि एक हजार प्रति ब्रोसर वितरण र छ ठाउँमा सचेतनामूलक गोष्ठी गरेको थियो।

यस्तै गत वर्ष म्याग्दीका १८ सामुदायिक वन उपभोक्ता समूहलाई वृक्षरोपणका लागि रु एक करोड दुई लाख अनुदान उपलब्ध गराइएको छ। विभिन्न प्रजातिका एक लाख ५० हजार बिरुवा रोप्न समूहलाई अनुदान दिइएको सहायक वन अधिकृत खनालले बताउनुभयो। बेनीस्थित डिभिजन वन, छवटा सहायक वन डिभिजन र आठवटा सामुदायिक वन समूहका नर्सरीमा दुई लाख १५ हजार १०० वटा जडीबुटी, फलफूल, घाँस र काठ प्रजातिका बिरुवा उत्पादन भएका छन्। तेह्र हजार ५०० टिमुर, दाँते ओखर, आँप, लिची, एभोकाडो र अम्बाका बिरुवा खरिद गरेर वितरण गरिएको छ।

निर्माणाधीन मङ्गले राहुघाट जलविद्युत् आयोजनाले ९० र राहुघाट जलविद्युत् आयोजनाले ३० रोपनी जग्गाको सट्टाभर्ना गरेका छन्। बिरुवा उत्पादन, वृक्षरोपण, हेरालुका लागि मङ्गले राहुघाटको प्रवर्द्धक तुदी पावरले रु १४ लाख र रघुगङ्गा हाइड्रोपावरले दुई समूहलाई रु सात लाख ९६ हजार ६१३ भुक्तानी गरेको छ।

पर्यटन पूर्वाधारतर्फ घोडेपानीबाट प्यारीबाराही ताल जोड्ने साइकल र घोडामार्गका साथै चरा अवलोकनस्थल तथा घोडा बाँध्ने तबेला निर्माण गरिएको छ। खोप्रा लेकमा विश्रामस्थल, टोड्केमा वनभोजस्थल, हिस्तानको फूलबारीमा गुराँस उद्यान, घराम्दीको प्यारीबाराही तालमा 'फुट ट्रेल', पछैमा शौचालय, शीतलबासमा हरित उद्यान निर्माण गरिएको छ।

जिल्लाका विभिन्न ठाउँमा अतिक्रमण भएको सात हेक्टर वन फिर्ता लिई तीन सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेको छ। गत वर्ष वन अपराधसम्बन्धी दुई मुद्दा दायर, तीनको अनुसन्धान जारी र पाँच मुद्दामा कारवाही तथा जरिवाना गरिएको छ। एक नयाँ वन समुदायमा हस्तान्तरण गरेको कार्यालयले बेनी नगरपालिका-५ डडुवा र मङ्गाला गाउँपालिका-१ पूर्णगाउँको बीचमा रहेको वनसम्बन्धी वर्षौंदेखिको विवाद समाधान गरेको छ। वन पैदावार सङ्कलन तथा छोडपुर्जी जारी गरेर रु २६ लाख ३२ हजार ३९९, कबुलियती वनको दस्तुरबाट रु एक लाख १७ हजार ५७८, प्रशासनिक सेवा शूल्कबाट रु ७१ हजार आम्दानी गरेको वन डिभिजन कार्यालयले रु २३ हजार ८८९ बेरुजु असुलउपर गरेको छ। काठ बिक्रीमा मूल्य अभिवृद्धि करवापत रु सात लाख ८३ हजार ५६३ आम्दानी भएको छ। कूल रु सात करोड १७ लाख ३७ हजार बजेट विनियोजन भएकामा ८८ प्रतिशत वित्तीय र ९१.३ प्रतिशत भौतिक प्रगति भएको निमित्त वन अधिकृत खनालले बताउनुभयो। कार्यालयमा एक डिभिजन वन अधिकृत, तीन सहायक वन अधिकृत र १३ वन रक्षकको पद रिक्त छ।

# पाँच महिनामै सकियो गुम्बाको पुनःनिर्माण

पोखरापत्र संवाददाता
बागलुङ, २१ साउन

पुनःनिर्माण थालेको बौद्ध गुम्बा पाँच महिनामै सम्पन्न गरिएको छ। भूकम्पले क्षति पुर्‍याएको बागलुङ नगरपालिका-११ रायडाँडास्थित शान्ति बौद्ध बिहार गुम्बा पुनःनिर्माण प्रारम्भ गरेको पाँच महिनामै सकिएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यालयले जनाएको छ।

विसं २०७२ को भूकम्पले क्षति पुर्‍याएको उक्त बौद्ध गुम्बाको पाँच वर्षपछि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले पुनःनिर्माण गर्न शुरु गरेको थियो। रायडाँडाको हलहलेस्थित रहेको गुम्बाको पुनःनिर्माण प्राधिकरण र शान्ति बौद्ध बिहारको साझेदारीमा पुनःनिर्माण गरिएको हो। विसं २०६२ मा स्थापना गरिएको उक्त गुम्बा २०७० मा विधिवत दर्ता भएर सञ्चालनमा आए पनि २०७२ को भूकम्पले क्षति पुर्‍याएको थियो। बागलुङ-११ रायडाँडाको वडा कार्यालयको निरन्तरको पहलमा गुम्बा पुनःनिर्माण गर्न प्राधिकरणले आर्थिक वर्ष २०७७/७८ मा सम्झौता गरेको थियो।

जिल्लामा निजी आवास, सडक, एकीकृत बस्ती तथा पुल पुनःनिर्माण गर्दै आएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइले यसपटक बौद्ध गुम्बाको पुनःनिर्माण गरेको बागलुङका एकाइ प्रमुख रेणुका पाण्डेले जानकारी दिनुभयो। पाण्डेका अनुसार रु ६१ लाखको लागतमा ८०० वर्गमिटर गुम्बा निर्माण गरिएको हो। रु ६१ लाखमध्ये प्राधिकरणले रु ४० लाख र रु २१ लाख स्थानीय गुम्बा व्यवस्थापन समिति तथा श्रमदानबाट जुटाएर निर्माण गरिएको हो। एक भिक्षुले नियमित पाठपूजा गर्दै आएको उक्त गुम्बा भूकम्पले क्षति पुर्‍याएपछि जीर्ण अवस्थामा रहेकाले पुनःनिर्माणका लागि पहल थालिएको थियो। राष्ट्रिय पुनःनिर्माण प्राधिकरण र स्थानीय जनश्रमदानमा पुरानो गुम्बा भत्काएर भूकम्पप्रतिरोधी नयाँ गुम्बा निर्माण गरिएको शान्ति बौद्ध बिहार राडयाडाँडाका निर्माण समितिका अध्यक्ष रणबहादुर थापाले जानकारी दिनुभयो।

पहिला सानो ढुङ्गा माटाको गुम्बा भत्किएका कारण पुनःनिर्माण गरिएको हो। गुम्बा निर्माणका लागि अपुग रु २१ लाख रकममध्ये केही जनश्रमदान, केही गुम्बा व्यवस्थापन समितिबाट जुटाइएको र रु १० लाख बजेट अपुग भएकामा सरसापट गरेर सम्पन्न गरिएको हो। कोरोना महामारी हटेपछि उक्त अपुग भएको बजेट जुटाइने बागलुङ-११ रायडाँडाका वडाध्यक्ष ज्ञानेन्द्र गौतमले जानकारी दिनुभयो। नयाँ निर्माण गरेको गुम्बामा पुरानो गुम्बामा रहेको बुद्धको मूर्ति प्रतिस्थापन गरिने निर्माण समितिले जनाएको छ।

# पुनर्वासको पर्खाइमा तालवासी

– नवीन लामिछाने
मनाङ, २१ साउन

गत असार १ गते बाढीका कारण गाउँ नै डुबानमा परी बगर बनेको छ। गाउँ नै बगर बनेपछि त्रिपालको भरमा बस्दै आएका नासों गाउँपालिका-१ ताल गाउँका बासिन्दा पुनर्वासको पर्खाइमा छन्। अविरल वर्षापछि मर्स्याङ्दी नदीमा आएको बाढीले ताल गाउँ पूरै बगर भएपछि स्थानीयवासी गाउँमाथिको डाँडामा विस्थापित भएका छन्।

बाढीका कारण सो गाउँका ५९ घरपरिवार पूर्णरूपमा विस्थापित भएका छन्। मरुभूमि बनेको गाउँ हेर्दै ताल गाउँका बासिन्दा पुनर्वास कहिले होला भन्दै बस्न बाध्य भएका छन्। बगर बनेको स्थानमा बस्ती बसाल्न सुरक्षित छैन। बाढीले गाउँ नै बगर बनेपछि पुनर्वासको आशामा बस्दा बस्दै आशा निराशामा परिणत हुने हो कि भन्ने चिन्ता लाग्ने गरेको स्थानीयवासी मोहन गुरुङले बताउनुभयो। "डेढ महिना बढी भइसक्यो त्रिपालमा बस्दै गाउँ हेर्दै बस्न बाध्य छौँ, कहिले पुनर्वास होला भन्ने आशामा छौँ, अहिले गाउँ नै पूरै डुबानमा छ, कहिले आरामका साथ घरमा बस्न पाइन्छ भन्दै सोचेर समय बिताइरहेका छौँ", मोहनले भन्नुभयो। डाँडामा पनि बस्ती बस्ने उपयुक्त ठाउँ नहुँदा अझै चिन्ता थपिएको उहाँ बताउनुहुन्छ। ताल गाउँ अझै पनि मर्स्याङ्दी नदीको बाढीको डुबानमा छ। दिनभर मर्स्याङ्दी नदीको डुबानमा रहेको गाउँ हेरेर बिताइरहेको कान्छीमाया गुरुङ बताउनुहुन्छ। "यत्रो वर्षसम्म मर्स्याङ्दीमा गाउँ डुबान परेको थाहा पाएका थिएनौँ, यस वर्ष नदीमा आएको बाढीले गाउँ नै बगर बनायो, त्यहाँ बस्ती बसाउन सक्ने अवस्था नै छैन, अब कहाँ बस्ने भन्ने चिन्ता लाग्छ, पूरै विस्थापित भएका यहाँका बासिन्दाका लागि सरकारले नै व्यवस्था गरिदिए हुने थियो भन्ने लाग्छ", कान्छीमाया भन्नुहुन्छ।

ताल गाउँमा पुनः बस्ती बसाउन सक्ने सम्भावना न्यून छ। यस कारणले पनि सरकारले गाउँवासीलाई अन्य कुनै सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने स्थानीयवासीको माग छ। बाढी प्रभावित ताल गाउँका बासिन्दा डेढ महिनादेखि त्रिपालको बासमा छन्। बाढी प्रभावितका लागि व्यक्तिगत तथा विभिन्न सङ्घ संस्थामार्फत खाद्यान्न प्राप्त भए पनि सरकारबाट भने कुनै पहल नभएको उनीहरूको गुनासो छ। गाउँपालिका नै पूर्णरूपमा बाढीपहिरा प्रभावित भएकाले तालवासीलाई आवश्यकताअनुसारको सहयोग गर्न नसकेको नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले बताउनुभयो। "पालिकावासीलाई दुःख परेको अवस्थामा गर्नुपर्ने जति सहयोग गर्न सकिएको छैन, गाउँपालिकाको प्रशासकीय भवन नै बाढीले बगाएपछि छिमेकी जिल्ला लमजुङमा अस्थायी कार्यालय राखेर सेवा प्रवाह गरिरहेका छौँ, विस्थापित बाढी प्रभावितको स्थानान्तरणका लागि प्रदेश सरकार र सङ्घ सरकारसँग सहयोगको समन्वय गरिरहेका छौँ", अध्यक्ष घलेले भन्नुभयो। प्रदेश सरकार र सङ्घ सरकारबाट छिट्टै सहयोग हुने अपेक्षा गरेको उहाँले बताउनुभयो। गाउँवासीको पीडा देख्दा आफैँलाई धेरै दुःख लाग्ने गरेको उहाँ बताउनुहुन्छ। मनसुन शुरु भएसँगै परेको अविरल वर्षाले मनाङ जिल्ला बाढीपहिराको डुबानको चपेटामा परेको हो। ताल गाउँमात्रै होइन मनाङ जिल्लाका धेरै बस्ती बसेको स्थानमा पुनः बस्ती बसाल्न सक्ने अवस्था छैन। जिल्लामा लगातार परेको वर्षाका कारण हाल यहाँको जनजीवन पूर्णरूपमा अस्तव्यस्त बनेको छ। अविरल वर्षासँगै आएको बाढीपहिराले भौतिक तथा व्यक्तिगत संरचनामा पुर्‍याउँदा अर्बौंको क्षति भएको छ। मुख्य आयस्रोत पर्यटन व्यवसाय भएको मनाङमा कोभिडले गर्दा पर्यटकीय क्षेत्रमा आर्थिक मन्दी लागेको अवस्थामा बाढीपहिराले क्षति पुर्‍याएपछि यतिबेला मनाङवासी अझ बढी मर्कामा परेका छन्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : २०३३/०८/०६ गते

स्वर्गारोहण : २०७८/०४/१० गते

**स्व. अर्जुन लिगल**

यस गोपालजी मन्दिर सेवा समितिका सदस्य विष्णु लिगलको जेष्ठ सुपुत्र **अर्जुन लिगल** को ४५ वर्षको उमेरमा भएको असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**बसन्त कुमार लिगल**
**अध्यक्ष तथा**
**गोपालजी मन्दिर सेवा समिति परिवार**
**पोखरा-४ रामकृष्ण**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : २०३३/०८/०६ गते

स्वर्गारोहण : २०७८/०४/१० गते

**स्व. अर्जुन लिगल**

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य श्रीमती मिनु लिगलको श्रीमान **अर्जुन लिगल** को ४५ वर्षको उमेरमा भएको असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्झना माकाजू**
**अध्यक्ष तथा**
**सिद्धार्थ टोल विकास संस्था परिवार**

# मर्दी हिमाल पुग्न नयाँ 'ट्रेकिङ रुट'

– कृष्ण दवाडी
कास्की, २१ साउन

विश्व प्रसिद्ध मर्दी हिमाल जाने स्वदेशी तथा विदेशी पर्यटकलाई लक्ष्य गरी नयाँ 'ट्रेकिङ रुट' विकास गरिएको छ । पोखरा महानगरपालिका-२५ मेलबोटबाट अस्तामसम्मका विभिन्न स्थानमा पर्यटकीय पूर्वाधार निर्माण गरी मर्दी हिमाल पुग्ने पदयात्रामार्गका रूपमा विकास गरिएको हो ।

मेलबोटबाट पदयात्रा शुरु भएर अस्ताम, धिताल, धम्पुस, प्रितम देउराली तथा धिताल ल्वाङ, घलेल कालिमाटी हुँदै मर्दी हिमाल जोड्ने गरी पदयात्रामार्ग विकास गर्ने योजनाअनुसार पूर्वाधार निर्माण गरिएको छ । गण्डकी प्रदेश सरकारको गत आर्थिक वर्षमा रु १० लाख बजेट र जर्मनस्थित एक विदेशी संस्थाको रु चार लाख ५० हजार आर्थिक सहयोगमा मेलबोटबाट अस्तामसम्मका विभिन्न स्थानको अप्ठ्यारो ठाउँमा हालसम्म ५०० मिटर पैदलमार्ग निर्माण गरिएको छ । पछिल्लो समय पदयात्रा पर्यटकको रोजाइमा परेको मर्दी हिमाल पदयात्रामा जाने स्वदेशी तथा विदेशी पर्यटकलाई लक्ष्य गरी पर्यटकीय पूर्वाधार निर्माण गरिएको मेलवोट-अस्ताम-धिताल-धम्पुस-मर्दी हिमाल पदमार्ग निर्माण समितिका संयोजक एवं अग्रज पर्यटन व्यवसायी विश्व अधिकारीले बताउनुभयो । उहाँका अनुसार अव्यवस्थित सडक पूर्वाधार निर्माणबाट पदयात्रामार्ग हराउँदै गएको र पदयात्रा अवधिसमेत छोटिदै गएकाले मेलबोटबाट नै पदयात्रा शुरु गर्न सकिने गरी मर्दी हिमाल जाने नयाँ रुटको खोजी गरिएको हो । ढुङ्गाको छपनी बिछ्याएर दुई मिटर फराकिलो पैदलमार्ग निर्माण गरिएको छ । अहिले मेलबोटबाट विकास गरिएको पदयात्रामार्गलाई अस्तामसम्म मोटरबाटोले नछुने भएकाले रमणीय जङ्गलका बीचबाट पदयात्रा गर्दै पर्यटकले आनन्द लिने विश्वास गरिएको हो । मर्दी हिमाल जानका लागि हाल माछापुच्छ्रे गाउँपालिकाको धम्पुस, कालिमाटी, सिदिङ तथा अन्नपूर्ण गाउँपालिकाको अस्ट्रेलियन क्याम्पसम्म गाडीमा पुगेर पदयात्रा शुरु गर्न सकिन्छ । समितिको अग्रसरतामा मेलबोटबाट नै पदयात्रा शुरु गर्ने गरी नयाँ पदयात्रामार्गको खोजी गरेर पैदलमार्ग निर्माण गरिएको हो । "मेलबोटबाट शुरु गर्ने गरी हामीले नितान्त नयाँ पदयात्रामार्गको खोजी गरेर पूर्वाधार निर्माण गरिरहेका छौँ", संयोजक अधिकारीले भन्नुभयो, "सुनझाँक्रीको थान, लालीगुराँसको जङ्गल, रुद्रमहादेव, पञ्चेबाजा उद्यानसहितका पर्यटकीय र जैविक विविधताले यसमार्गमा पर्यटकलाई आनन्दित तुल्याउने विश्वास लिएका छौँ ।"

नयाँ विकास गरिएको पदयात्रामार्गले बसाइ लम्ब्याउनाका साथै ग्रामीण संस्कृति, जीवनशैली र ध्यान (मेडिटेशन)मा पर्यटकलाई आकर्षित गर्ने बताइन्छ । मेलबोटबाट अस्तामसम्को सात किमी पदयात्रामार्गका अधिकांश स्थान समथर छन् । पदयात्रामार्गलाई साइकल चलाउन मिल्ने गरी बनाउने योजना रहेको समितिले जनाएको छ । हाल उपलब्ध बजेटबाट अप्ठ्यारो स्थानमा ढुङ्गाको छपनी राखेर सहज बनाइएको भए पनि धितालसम्म नै पैदलमार्गका लागि रु ५० लाख बजेट आवश्यक रहेको अध्यक्ष अधिकारीले बताउनुभयो । बजेटका लागि सङ्घीय सरकार तथा प्रदेश सरकारसँग आग्रह गरिएको बताइन्छ ।

समितिले हालका लागि धितालसम्म मात्र पैदलमार्गको योजना अघि बढाए पनि सरकारले विस्तृत आयोजना प्रतिवेदन तयार गरी मर्दी हिमालसम्म नै साइकल चलाउन मिल्ने गरी पैदलमार्गको सम्भाव्यता अध्ययन गर्नुपर्ने समितिका सचिव कृष्णबहादुर कुँवर बताउनुहुन्छ । मर्दी हिमालसम्म साइकल चलाउन मिल्ने गरी पैदलमार्ग बनेको खण्डमा यसले पर्यटकलाई थप आकर्षित गर्ने विश्वास लिइएको उहाँको भनाइ छ ।

# तनहुँ वितरण केन्द्रमा छ करोड बढी बक्यौता

पोखरापत्र संवाददाता
तनहुँ, २१ साउन

तनहुँस्थित नेपाल विद्युत् प्राधिकरणको वितरण केन्द्रको आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म रु छ करोड छ लाख ३९ हजार बक्यौता रहेको छ । कोभिड-१९ बाट सुरक्षित हुन निषेधाज्ञा जारी गरिएसँगै महसुल बुझाउन ग्राहक नआएपछि उक्त रकम बक्यौता हुन पुगेको सो कार्यालयले जनाएको छ ।

विगतका वर्षमा सरदर रु तीन करोड बक्यौता हुने गरे पनि गत आवमा दुई गुणा बढीले रकम बक्यौता हुन पुगेको कार्यालयका सूचना अधिकारी विष्णुराज लोहनीले जानकारी दिनुभयो । उहाँका अनुसार ९३.८ प्रतिशत रकम सङ्कलन गर्न सकिएको छ भने ६.२ प्रतिशत सङ्कलन गर्न नसकिएको हो । सरकारले बक्यौता हुने ग्राहकको लाइन काट्न निर्देशन दिए पनि कोभिड-१९ का कारण फिल्डमा जान सक्ने अवस्था नरहेकाले लाइन नकाटिएको उहाँले बताउनुभयो । यहाँ ४० हजार ४८५ विद्युत्का ग्राहक छन् । चार करोड ५२ लाख दुई हजार ५२८ युनिट विद्युत् बिक्री गर्दा रु ३९ करोड ७६ लाख ४० हजार ९८४ राजश्व सङ्कलन गरिएको छ । प्रणाली व्यवस्थित गर्न सकिए करेन्टको कुनै अभाव नरहेको सो कार्यालयले जनाएको छ । जिल्लामा १०.५४ प्रतिशत विद्युत् चुहावट हुने गरेको बताइएको छ ।

यहाँ विद्युत् चोरीका कुनै घटना नभए पनि प्राधिकरणले प्रणाली सुदृढीकरण गर्न सके चुहावटमा कमी ल्याउन सकिने कार्यालय प्रमुख इञ्जीनियर सोवितबहादुर क्षेत्रीले जानकारी दिनुभयो । जिल्लामा सबैभन्दा बढी तनहुँ जलविद्युत् आयोजनाले विद्युत् खपत गर्ने गरेको छ । आयोजनाले एक महिनामै रु २७ लाखदेखि ४६ लाखसम्म विद्युत् महसुल बुझाउने गरेको कार्यालय प्रमुख क्षेत्रीले बताउनुभयो ।

विद्युत् चुहावटलाई न्यूनीकरण गर्न कार्यालयका तर्फबाट पनि पहलकदमी थालिएको छ । जिल्लामा आव २०७६/७७ मा ९५ प्रतिशत विद्युतीकरण भएकामा आव २०७७/७८ को असारमसान्तसम्म ९७ प्रतिशत जनशक्तिमा विद्युत् पहुँच पुगेको छ । जिल्लाको कछार भनेर चिनिने चितवनसँग जोडिएको देवघाट गाउँपालिकाका केही क्षेत्रमा विद्युत् जडानका कार्य बाँकी रहेको कार्यालय प्रमुख क्षेत्रीले बताउनुभयो । जलविद्युत् आयोजनाबाट प्रभावित क्षेत्रका आयोजनाले काम गरिरहेकाले छिट्टै जिल्ला पूर्ण विद्युतीकरण हुनेमा विश्वस्त रहेको सो कार्यालयले जनाएको छ ।

# अझै सम्पन्न भएन अस्पताल भवन

पोखरापत्र संवाददाता
म्याग्दी, २१ साउन

ठेकेदारले कार्ययोजना अनुसार काम गरेको भए बेनी अस्पतालको सुविधा सम्पन्न भवन सञ्चालन भइसकेको हुन्थ्यो ।

अस्थायी र पुराना भवनका साँघुरा कोठामा काम चलाउ हिसाबले बिरामीको उपचार गर्नुपर्ने समस्या हट्थ्यो । बीस महिना अघिनै सम्पन्न गर्ने सम्झौता गरेका निर्माण व्यवसायीको विवाद अदालत पुगेपछि अधुरो भवन निर्माण पनि अन्योलमा परेको छ । तत्कालीन शहरी आवास तथा भवन निर्माण डिभिजन कार्यालय बागलुङले विसं २०७३ मङ्सिर २१ गते ५० शय्या क्षमताको अस्पताल भवन निर्माणका लागि महादेव खिम्ती-गल्वा-रफिना जेभीसँग रु १८ करोड ८४ लाख आठ हजार ८९ मा ठेक्का सम्झौता गरेको थियो । रु २४ करोड चार लाख २९ हजार ८६९ लागत अनुमान गरिएको थियो । सो निर्माण कम्पनीका सञ्चालक निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवी सिंह हुनुहुन्छ । यो भवन बनाउने जिम्मेवारी रवीन जोशीले लिनुभएको बताइको छ । विसं २०७६ मङ्सिर २० गते निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता थियो । चार हजार ९६३ वर्गमिटर क्षेत्रफलमा बनाउन लागिएको चार तले तीन भवन निर्माणको हालसम्मको भौतिक प्रगति ६० प्रतिशत मात्र रहेको सो कार्यालयका प्रमुख प्रभाकरलाल कर्णले जानकारी दिनुभयो । "विभिन्न चरणमा भएको लिखित र मौखिक प्रतिबद्धता अनुसार भवन निर्माणलाई गति दिन नसकेपछि कालोसूचीमा राख्ने प्रक्रिया थालेका हौं," उहाँले भन्नुभयो, "जमानी बसेको बैंकलाई पहिलो चरणको पत्र काटेका छौं । अब पत्रिकामा सार्वजनिक सूचना जारी गर्छौं ।" तीन तला ढलान र प्लास्टर भइसकेको भवनमा टायल राख्ने, रङगरोगन, विद्युत्, पानी र फर्निचर जडानलगायतका काम बाँकी छन् । सार्वजनिक खरिद ऐनको पछिल्लो संशोधन र कोरोनाका कारण थप भएको म्याद विसं २०७८ जेठ २० गते सकिएको छ ।

आर्थिक वर्ष २०७८/०७९ को बजेट भाषणमार्फत सरकारले गरेको घोषणा अनुसार आगामी मङ्सिर २० गतेसम्म म्याद थप गर्न सकिन्छ ।

# १५६ विद्यालय भवन पुनःनिर्माण

पोखरापत्र संवाददाता
लमजुङ, २१ साउन

गोरखा भूकम्पले क्षति पुर्‍याएका १५६ विद्यालय भवन पुनःनिर्माण भएका छन् । विसं २०७२ वैशाख १२ गते शनिबार गएको भूकम्पले क्षति बनाएको १३१ विद्यालयका ती नयाँ भवन बनेको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा) प्रमुख अशोक पराजुलीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हालसम्म ९९ प्रतिशत विद्यालय भवन पुनःनिर्माण सम्पन्न भएको छ ।" जिल्लामा ६९ शौचालय पुनःनिर्माण गर्नुपर्नेमध्ये ६८ सम्पन्न भएको छ । यसैगरी ३६ खानेपानी धारा पुनःनिर्माण गर्नुपर्नेमध्ये ३४सम्पन्न भएको छ । जिल्लामा विद्यालय भवन, शौचालय र खानेपानी गरी २६८ बनाउनुपर्ने मध्ये २५७ सम्पन्न भएको जनाइएको छ । उहाँले भन्नुभयो, "हामीले जिल्लामा गत आर्थिक वर्षको असार मसान्तसम्ममा सकाउने लक्ष्य राखे पनि बर्खायाममा विभिन्न ठाउँमा भत्किएको बाटो र विद्युत्को समस्याले निर्माण सम्पन्न हुनसकेन । अब आगामी कात्तिक महिनाभित्र सबै काम सम्पन्न गर्नेछौं ।" आर्थिक वर्ष २०७३/०७४ मा विद्यालय भवन पुनःनिर्माण शुरुआत भएको थियो । उक्त आर्थिक वर्षदेखि जिल्लामा पुनःनिर्माण गर्नुपर्ने विद्यालय भवन पाँच वर्ष अवधि रहेको थियो । जिल्लामा कूल ३५२ सामुदायिक विद्यालय रहेकोमध्ये ती विद्यालयका भवनमा भूकम्पले क्षति पुर्‍याएको थियो । सबै योजना विद्यालय व्यवस्थापन समितिमार्फत पुनःनिर्माण भइरहेको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २०१८/०४/१७ गते**

**स्वः सुकमाया दाहाल**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०४/१० गते**

हाम्रा प्रात स्मरणीय आदरणीय भाउजु/दिदी/आमा/हजुरआमा **सुकमाया दाहाल** को ६० वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**देवरः** कृष्ण प्रसाद दाहाल
**बहिनीः** दुर्गा दाहाल
**छोरा/ बुहारीः** राजु/ शर्मिला दाहाल
रविन्द्र/ सरिता दाहाल
रोशन/ रजनी दाहाल
नवराज/ सिता दाहाल

**छोरी ज्वाइँः** नविना दाहाल/ शैलेन्द्र भण्डारी
**नातिनातिनीः**
सुहान, सहर्ष, सारा, एरोन,
माथारा, सियोना, साथन
निकेस, निर्देष

**सम्पूर्ण दाहाल परिवार**

**पूनश्चः** मिति २०७८ साउन २२ गते शुक्रबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समयः बिहान ११ः ०० बजेदेखि स्थानः पोखरा-११ रानीपौवा, तुलसी मार्ग